# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र


**खण्डः५** **संख्याः४** **प्रमाणिकरण मितिः २०७९।१०।१९**

**राजपत्रमा प्रकाशन मितिः २०७९।१०।२०**


## भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

### जीतपुरसिमरा उपमहानगरपालिकाको

### नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, वालुवा, माटो) उत्खनन्, संकलन र विक्री वितरण सम्बन्धि कार्यविधि,२०७९

गिटी, वालुवा, माटोको उत्खनन, संकलन तथा विकि वितरणलाई व्यवस्थित गरि पर्यावरणीय जोखिमलाई न्युनिकरण गर्दै विकास निर्माणको आवश्यकता समेत पुरा गर्न कानुन वनाउँन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२), जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७८ को दफा ४ तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड (पहिलो संशोधन,२०७९), २०७७ को दफा २० बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यविधि " भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नदिजन्य पदार्थ ( ढुंगा, गिटी वालुवा र माटो उत्खनन,संकलन र विक्री वितरण सम्बन्धि कार्यविधि २०७९ लाई सम्झनु पर्दछ ।

(ख)"नगरसभा" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(ग) "अनुगमन समिति " भन्नाले यस कार्यविधिको दफा ५ को उपदफा (१) र उपदफा (६) मा उल्लेखित नगरस्तरीय र नाका व्यवस्थापन अनुगमन समति सम्झनु पर्छ।साथै जिल्ला अनुगमन समितलाई पनि सम्झनु पर्नेछ ।

(घ) "प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(छ) "घाटगद्दी" भन्नाले ढुंगा, गिटी, वालुवा, माटो, चटान, दहत्तर, वहत्तर संकलन गर्न नगरपालिकाले तोकेको वा स्वीकृत दिएको सार्वजनिक/सरकारी जग्गा रहेको स्थानलाई जनाउंदछ ।

(ज) नदीजन्य पदार्थ" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रको सार्वजनिक वा सरकारी जग्गा वा नदीमा उपलब्ध भएको बहुमुल्य पत्थर,ऐतिहासकि र सांस्कृतिक महत्वका शालिग्राम, शिला र अति मुल्यवान वस्तुवाहेकका ढुंगा, गिटी, बालुवा, रोडा, ग्रेगान, माटो, जस्ता पदार्थ सम्झनु पर्छ ।

**३) कार्यविधिको उद्देश्य :**(१) नदीजन्य पदार्थको उत्खन्नलाई व्यवस्थित बनाउने ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट भए गरेका निर्णय कार्यान्वयन गर्ने र गराउने ।

(३) विकास निर्माणको लागि एंव स्थनीय उभोक्तालाई नदीजन्य पर्दा (ढुंगा, गिटी, बालुवा, माटो, चटान, दहत्तर, बहत्तर) सुलभ र दीगो रुपमा उपलब्ध गराउने ।

(४) विकास र पर्यावरण वीच सन्तुलित सम्बन्ध कायम राख्ने ।

(५) ढुंगा, गिटी, बालुवा,माटो, चटान, दहत्तर, बहत्तर विकी वितरण गरी दीगो आन्तरिक स्रोतको व्यवस्था गर्ने ।

(६) नदीमा थुप्रिएर रहेको नदीजन्य पदार्थ हटाई विपदलाई न्यूनीकरण गर्ने ।

(७) सार्वजनिक विकास निर्माणका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ।

४) **नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रि वितरण सम्बन्धि व्यवस्थाः** (१) नेपाल सरकार र प्रदेश सरकारबाट जारी भएका प्रचलित कानुनहरुको आधारमा नदीजन्य पदार्थहरुको संकलन, उत्खनन् र विक्रिवितरण सम्बन्धि ठेक्का लगाउनु पर्ने भए सोही बमोजिम र नगरपालिकाको प्रत्यक्ष संलग्नतामा उत्खनन् संकलन र विक्रिवितरण गर्नुपर्ने भए यसै कार्यविधि बमोजिम गर्नु पर्नेछ ।

**४ क) नदीजन्य पदार्थको उत्खनन र संकलन सम्बन्धि व्यवस्थाः** (१) नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहायकोआधारमा गर्नेछः-

(क) वातावरणीय अध्ययन प्रतिवेदन मा उल्लेखित क्षेत्रबाटमात्र ढुंगा, गिटी, बालुवा, माटो, चटान, दहत्तर बहत्तर उत्खनन गर्ने व्यवस्था मिलाउनु पर्ने छ तर हालको नदीको वहाव तथा जोखिमको आधारमा नगरस्तरीय अनुगमन समितिले यस्तो क्षेत्रलाई थपघट गर्न सक्ने छ ।

(ख) नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ग) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिशका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरु,

(घ) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानून बमोजिम अनुमती प्रदान गरिएको क्षेत्र ।

(ङ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र ।

(२) उपदफा (१) बमोजिमको कुनै क्षेत्रमा यस मापदण्ड बमोजिम नदीजन्य पदार्थको उत्खनन् र सङ्कलनको व्यवस्था नगरपालिकाले मिलाउन सक्नेछ ।

(३) नगरपालिकाले नदिजन्य पदार्थको संकलन र उत्खनन् गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) उत्खनन्, संकलन तथा विक्रि वितरण गर्न कार्यपालिकाबाट स्वीकृत कार्ययोजना वा कार्यपालिकाको निर्णयानुसार गर्ने ।

(ख) प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउँने,

(ग) प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः एकिन गर्ने,

(घ) नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउने ।

(४) नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्नेछ ।

(५) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेछ। तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमा भित्र रही गर्नुपर्नेछ साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमती लिनुपर्नेछ।

(६) उत्खनन् गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्नेछ ।

(७) उत्खनन् र सङ्कलन तथा ढुवानी कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्काका शर्त, जिल्ला/नगर अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नु पर्नेछ ।

(८) घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरी भित्रको नदी, सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्न पाईने छैन । तर, दफा ४.क) को उपदफा (१) को खण्ड (ग) बमोजिम गर्न यस उपदफाले बाधा पु-याएको मानिने छैन ।

(९) उत्खनन् हुने परिमाण एकिन गर्दा वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम अनुगमन समिति, नगरपालिकाको जनप्रतिनिधि, प्राविधिक कर्मचारी तथा स्थानीय बासिन्दाको रोहवरमा चौकिल्ला निर्धारण गरि निकालिने परिमाण र उत्खनन गरिने गहिराइ समेत जानकारी गराई सिमांकन गर्नु पर्दछ ।

(१०) उत्खनन गर्दा नगरपालिकाको प्रतिनिधि वा कर्मचारी, स्थानीय प्रशासनको प्रतिनिधि, डिभिजन बन कार्यालयको प्रतिनिधि, नेपाल प्रहरीको प्रतिनिधि रोहवरमा मात्र रेखांकन गरिएको घाट क्षेत्र भित्रवाट मात्र उत्खनन् गर्नु पर्ने छ ।

(११) यान्त्रिक उपकरण प्रयोग गर्न वातावरणीय अध्ययन प्रतिवेदन मा उल्लेख भएको हकमा भारी यान्त्रिक उपकरण ( स्काभेटर) समेत प्रयोग गर्न पाइने छ । नदीको वर्तमान अवस्था, यसले पार्न सक्ने जोखिम समेतलाई विचार गरी आवश्यकताको आधारमा कार्यपालिकाको निर्णय अनुसार वातावरणीय अध्ययन प्रतिवेदन मा उल्लेख नभएता पनि भारी यान्त्रिक उकरण ( स्काभेटर) प्रयोग गर्न सक्ने छ । यान्त्रिक उपकरणको प्रयोग गर्न दिने वा नदिने भन्ने अन्तिम निर्णय कार्यपालिकाको हुने छ ।

(१२) नदी जन्य पदार्थ  नदी देखि घाटगद्दीसम्म ओसार पसार गर्ने मार्ग अनुमगन समिति वा नाका व्यवस्थापन समितिले तोके बमोजिम हुने छ ।

(१३) उत्खनन् गर्दा तोकिएको गहिराई भन्दा बढी खाडल नदेखिने गरि उत्खनन् गर्नु पर्ने छ ।
(१४) उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदन का शर्तका अलवा र अनुगमन समितिले दिएको निर्देशन पालना गर्नु पर्ने छ ।
(१५) उत्खनन् गर्दा पानीको सतहभन्दा १५ सेन्टिमिटर माथी छाड्नु पर्ने छ ।
(१६) नदिजन्य पदार्थ ओसारपसार गर्ने मार्ग दफा ५ अनुसार गठित अनुगमन समितिले तोके बमोजिम हुनेछ।
(१७) उत्खनन गरेको परिमाणलाई घाटगद्धि स्थानमा पुऱ्याउनुपुर्व अनुसुची- ३ बमोजाको नदि प्रबेश आदेश लिएर मात्र ओसार पसार गर्नुपर्नेछ ।

(१८) वन, राष्ट्रिय निकुञ्ज, मध्यवर्ति क्षेत्र तथा चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित विधि र सम्बन्धित निकायको सहमति तथा स्वीकृत मापदण्ड र नगरपालिकाकको प्रचलित कानुन तथा मापदण्ड बमोजिम गर्नु पर्नेछ ।

**४ ख) उत्खनन् वा सङ्कलनको परीमाण नियन्त्रणः** (१) नगरपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाणभन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिई देहाय अनुसार गर्नुपर्नेछ।

(क) उपदफा (१) बमोजिम उत्खनन् वा सङ्कलन गर्ने स्वीकृति दिइएको क्षेत्रको नगरपालिकाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(ख) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परीमाण र क्षेत्रको उत्खनन् भैसकेको पाईएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ ।

(ग) नगरपालिकाले नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको अवैध नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्रीको व्यवस्था गर्न सक्नेछ ।

(घ) उत्खनन् वा सङ्कलनकर्ताले उत्खनन्, सङ्कलन वा ढुवानी गरेको परीमाणको दैनिक अभिलेख अनुसूची-४क बमोजिमको र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची- ४ख बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(ङ) यस दफामा तोकिएका प्रावधानहरु सहित नगरपालिकाको हितमा देखिने आवश्यक शर्तहरु उत्खनन तथा संकलनको ठेक्का सम्झौतामा थप गर्न सक्नेछ ।
(च) घाटगद्धि स्थललाई प्रबिधिमैत्रि (सि सि टि भि, कम्प्युटर अभिलेख) बनाँउदै सेक्युरिटि जनशक्तिको समेत ब्वस्था गर्नुपर्नेछ ।
(छ) उत्खनन संकलन तथा बिक्रि बितरणलाई ब्यविस्थत बनाउनका निमित्त सम्बन्धित निकायहरु सँगको आवश्यक बैठक दफा ५ बमोजिमको समितिले गर्नेछ ।

(२) नदिजन्य पदार्थको उत्खनन र संकलनको लागी नगरपालिकाको कार्यालयले घटाघटको ठेक्का आव्हान गर्न सक्नेछ । यसरि ठेक्का अव्हान मार्फत स्विकृत ठेकेदार कम्पनीले अनुसुचि ३ बमोजिमको नदी प्रवेश आदेश लिइ मात्र उत्खनन स्थलबाट स्विकृत घाटगद्दी गरिने स्थल सम्म ओसार पसार गर्नेगरी देहाय बमोजिम गर्नुपर्नेछ।

(क) नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे अनुसुची ३.क बमोजिमको पटके प्रवेश आदेशमा उल्लेखित मिति, समय, सवारी नं, ढुवानी गरी लैजानै स्थल(घाटगद्दी), परिमाण, पदार्थको प्रकार जस्ता सबै विवरण स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

(ख) भण्डारण र घाटगद्दी स्थल सम्बन्धि व्यवस्था नगर स्तरिय अनुगमन समिति र नाका व्यवस्थापन अनुगमन समितिको सिफारिसमा कार्यपालिकाको बैठकले निर्धारण गर्ने छ ।

(ग) नदीजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसार पसार गर्ने समय वातावरणिय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुने छ ।

(घ) नदीजन्य पदार्थ ढुवानी गर्दा टेक्टर र ४२५ घन फिट सम्मको ट्रिपर बाट मात्र प्रयोग गर्नुपर्नेछ। यसरि हुने ढुवानिको अनुगमनको प्रबन्ध दफा ५ अनुसार गठित अनुगमन समिति वा स्थानिय प्रहरिले गर्न सक्नेछ।

(ङ) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन् स्थलबाट घाटगद्दीसम्म ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतीमा सवारी साधन गुडाउन पाइने छैन् ।

(च) अनुगमन समिति वा कार्यदलको सिफारिसबाट कार्यालयले तोकेको स्थानमा चारकिल्ला छुट्याई, तारवार गरी प्रविधि मैत्री घाटगद्दी स्थल निर्माण गर्नुपर्नेछ ।

(छ) पटके आदेशमा उल्लेख भएको परिमाण र घाटगद्दीमा आईपुगेको परिमाणको नापजाँच गरी खटिएका कर्मचारीले दैनिक अनुसूची १ बमोजिम घाटगद्दी भएको परिमाणको अभिलेख राख्नु पर्ने छ ।

(ज) उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्नुपर्नेछः

(अ) अनुगमन समितिले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन आदेश दिनु पुर्व प्रविधिकबाट गरिएको नापजांच तथा रेखांकनका आधारमा पहिलो पटक उत्खनन् लाइन दिने ।

(आ) दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको दैनिक अभिलेख राख्ने ।

(इ) दैनिक उत्खनन् तेरिज तयार गरि नगरपालिकामा पठाउने र नगरकार्यपालिका कार्यालयले त्यसको अभिलेख राख्ने व्यवस्था गर्ने ।

**४ ग) नदीजन्य पदार्थको विक्रि वितरण सम्बन्धि ब्यवस्थाः**

(१)नदिजन्य पदार्थको विक्रि वितरणको लागि नगरपालिकाले स्वयं आफैले वा स्विकृत घाटगद्दी स्थलबाट विक्रि वितरण गर्न बढाबढको ठेक्का आव्हवान गर्न सक्नेछ। यसरी ठेक्का आव्हान गर्दा संकलित घाटगद्दीबाट मात्र विक्रिको व्यवस्था गर्नुपर्नेछ।

(२) स्थानिय श्रमिकहरुले श्रममुलक प्रविधिको प्रयोग गरि तोकिएको स्थानबाट उत्खनन र विक्रि वितरण गर्न चाहेमा निर्धारित मापदण्ड अनुसार सुचिकृत भई अनुमति दिईनेछ।यसरी उत्खननमा संलग्न हुने साधन (गाडा र ट्याक्टर) लाई सुचिकृत गर्दा गाडालाई निशुल्क र ट्याक्टरको लागि प्रति ट्याक्टर प्रति वर्ष पाँच सय शुल्क लिई सुचिकृतको निस्सा दिईनेछ ।

(३) घाटगद्दीमा रहेको नदीजन्य पदार्थको बिक्रिको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना अनुसूची — २.क बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ । त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची- २.ख बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची-२.ग बमोजिमको ढाँचामा विक्रि पट्टा फाराम दिनु पर्नेछ ।

(४) घाटगद्दी स्थलबाट नदिजन्य पदार्थ विक्रि वितरण गर्नको लागि अनुसुची ३.क बमोजिमको पटके प्रबेश आदेश लिएर ओसार पसार तथा विक्रि वितरण गर्नुपर्नेछ ।

(५) नदी जन्य पदार्थको न्युनतम विक्रि दस्तुर नगर दररेटमा मुल्य अभिवृद्धिकर, उत्खनन् खर्च, ढुवानी भाडा र सेवा शुल्क नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(६) नदिजन्य पदार्थको विक्रि वितरणका अन्य शर्तहरु नगरपालिका र ठेकेदार कम्पनि बिच अनुसुची-२.ख बमोजिम र सम्झौताका बखत उल्लेख भए बमोजिम हुनेछ।

(७) नदिजन्य पदार्थको उत्खनन गर्दा श्रममुलक प्रबिधिको प्रयोगलाई प्रवर्द्धन गर्ने र नदिजन्य पदार्थमा आश्रित न्युन आय भएका श्रमीकहरुलाई रोजगार सृजना हुने गरी ढुवानिका लागी प्रयोग हुने गाडा र ट्र्याक्टरहरुको हकमा

नगरपालिकाको आर्थिक ऐनले तोकेको दररेटमा मु.अ. कर सहितको न्युनतम दररेटको नगदी रसिद दिई अनुसुची ३.क बमोजिमको पटके आदेश जारी गरी बिक्रि बितरण तथा ओसार पसार गर्न अनुमति दिईनेछ ।

(८) दफा ४ ग को उपदफा ७ बमोजिमका नदिजन्य पदार्थमा आश्रित भई जिविका निर्वाह गर्ने नगरपालिकामा सुचिकृत रहेका श्रमिकहरुलाई काममा लगाउने ब्यक्ती फर्म वा संस्थाले बिमा लगायत सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनु पर्नेछ । र सो को निगरानी ब्यवस्थापन सहजिकरण नगरपालिकाले गर्नेछ ।

(९) अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि कुनै आयोजनाको सम्बन्धमा सो आयोजनासंग सम्बन्धित कार्यालय वा सम्बन्धित गाउँ वा नगरपालिकाबाट सिफारिश भई आएमा वा कुनै व्यक्ति फर्म वा कम्पनीले आवश्यकता जनाई माग गरेमा कार्यालयको निर्णय अनुसार तोके बमोजिमको नदी जन्य पदार्थको परिमाण नगरपालिकाको आर्थिक ऐनको दररेटमा सेवा शुल्क, मुल्य अभिवृद्धी कर सहित उत्खनन् र संकलनमा लागेको लागत समेतको दस्तुर कार्यालयको राजश्व शाखामा जम्मा गरी लैजान सक्ने छन्। यसरी नदीजन्य पदार्थ उपलब्ध गराउंदा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई पहिलो प्राथमिकतामा राख्नु पर्ने छ ।

**५) अनुगमन सम्बन्धि व्यवस्था :**(१) वातावरणिय अध्ययन प्रतिवेदनको पालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण लगाएतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिम नगरस्तरीय एक अनुगमन समिति रहने छ ।

क) नगर उपप्रमुख -संयोजक
ख) कम्तीमा एक जना महिला सहित तीन जना कार्यपालिका सदस्य - सदस्य
ग) ईलाका प्रशासन कार्यालयको प्रतिनिधि एक जना - सदस्य
घ) डिभिजन वन कार्यालयको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य
ङ) पर्सा राष्ट्रिय निकुञ्जको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य
च) राष्ट्रपति चुरे — तराई मधेश संरक्षण विकास समितिको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य
छ) आन्तरिक राजश्व कार्यालयको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य
ज) स्थानीय नेपाल प्रहरीको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य
झ) स्थानीय शसस्त्र प्रहरीको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य
ञ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
ट) नगरपालिकाको प्राविधिक कर्मचारी - सदस्य सचिव

(२) अनुगमन समितिले जुन सुकै वेला अनुगमन गरि निर्देशन दिन सक्ने छ ।

(३) अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन उपसमिति, प्राविधिक समिति र कार्यदल पनि गठन गर्न सक्ने छ ।

(४) पटके नदी प्रवेश आदेश, उत्खनन कर्ताले राख्ने नदिजन्य पदार्थको दैनिक उत्खनन अभिलेख, नदीजन्य पदार्थको दैनिक पटके विक्रि अभिलेख तेरिजको ढाँचा अनुगमन समितिले निर्धारण गर्नेछ।

(५)यस कार्यविधिमा अन्यत्र उल्लेख गरिएको कार्यहरुको अलवा अनुमगन समितिले उत्खनन स्थल निर्धारण, क्षेत्रफल तथा गहिराइको अनुगमन र खन्न सक्ने अधिकतम गहिराइको निर्धारणजस्ता विषयहरुको निक्र्योल गर्ने छ ।

(६) नाका व्यवस्थापन अनुगमन समितिः नदीजन्य पदार्थको उत्खनन् र संकलन तथा घाटगद्दीको लागि ढुवानी गर्दा प्रयोग हुने नाकाहरुलाई व्यवस्थापन गर्न नगरपालिकाले देहाय बमोजिमको एक नाका व्यवस्थापन अनुगमन समिति गठन गर्न सक्नेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष — संयोजक
(ख) नाका नजिकको क्षेत्र हेर्ने नेपाल प्रहरीको प्रमुख तथा प्रतिनिधि — सदस्य
(ग) नाका नजिकको क्षेत्र हेर्ने सशस्त्र प्रहरीको प्रमुख तथा प्रतिनिधि — सदस्य

(घ) नाका नजिकको क्षेत्र हेर्ने सवडिभिजन वन कार्यालय/चेक पोष्ट को प्रमुख तथा प्रतिनिधि — सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको कर्मचारी — सदस्य सचिव

तर नाकामा दुई वा दुई भन्दा बढी वडाहरुको क्षेत्र पर्ने भएमा नगर प्रमुखले तोकेको वडा अध्ययक्ष नाका व्यवस्थापन अनुगमन समितिको संयोजक हुनेछ ।

(७) समिति, उपसमिति र कार्यदलले आफ्नो वैठक सम्बन्धि कार्यविधि आफै निर्धारण गर्नेछ ।

(८) समिति, उपसमिति र कार्यदलका पदाधिकारीहरुको बैठक तथा अनुगमन सम्बन्धि सुविधा प्रचलित कानुन बमोजिम हुनेछ ।

**६) विविध :** (१) यस कार्यविधिमा विरोधाभाष उत्पन्न भएमा नगर प्रमुखले वाधा अड्काउ फुकाउन सक्नेछ ।जसको जानकारी कार्यपालिकामा गराउँनु पर्नेछ ।

**७) विशेष व्यवस्था :** (१) माथिका दफाहरुमा जुनसुकै कुरो लेखिएता पनि नगरपालिकाबाट सञ्चालित आयोजनामा पाइएको नदीजन्य पदार्थ (ढुंगा,गिटी, बालुवा, माटो तथा दहत्तर वहत्तर) तथा कुनै बहुमुल्य पत्थर, धातु, काठ, दाउराको प्राविधिक प्रतिवेदनको आधारमा नगर कार्यपालिकाले उचित ब्यवस्थापन गर्न सक्ने छ ।

(२) यस कार्यविधिमा भएका व्यवस्थाहरु यसं कार्यविधि अनुसार र यसमा नभएका व्यवस्थाहरु प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानुन तथा ढुंगा, गिट्टि, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड (पहिलो संशोधन,२०७९),२०७७ बमोजिम गरिनेछ ।

**८) नियमावली, कार्यविधि संशोधन, मापदण्ड र कार्ययोजना बनाउन सक्ने :**(१) नगरकार्यपालिकाले यस कार्यविधिलाई आवश्यक्ता अनुसार संशोधन गर्न सक्नेछ र आवश्यक मापदण्ड र कार्ययोजना बनाउन सक्ने छ ।

जीतपुरसिमराउपमहानगरपालिका

अनुसूची-१
(दफा ४.क को उपदफा (४) सँग सम्बन्धित )
नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिष्ट

| क.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरु अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खनन्को लागि तोकेका क्षेत्रहरु परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, वालुवा गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले वहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय अध्ययन प्रतिवेदनले औंलाएका पहिलेको अवस्था | | |
| ७ | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार सङ्कलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन् गरिने परीमाण, चौकिल्ला रेखांकन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १० | अन्य | | |

नोटः वातावरणीय अध्ययन प्रतिवेदनसँग आवद्ध गरी यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नुपर्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसुची १.क

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित सुचना)

नदीजन्य पदार्थको **उत्खनन् र संकलन तथा ढुवानी सम्बन्धि** बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशीत मिति ................)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क र यस जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन २०७९ को दफा.........को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदिहरुको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी नगरपालिकाले तोकेको घाटगद्दी स्थलमा तोकिएको मार्ग प्रयोग गरी संकलन गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ व ....... को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरीएकोछ ।

| ठेक्का नं | नदिको नाम | अधिकतम परिमाण (घन फिट) | औसत दुरी कि मि (नदिबाट घाटगद्धि स्थल सम्मको) | अधिकतम उत्खनन तथा संकलन दर प्रति घन फिट | अधिकतम लागत अनुमान (सेवाशुल्क र मु अ कर बाहेक) | धरौटि रकम (रु) | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|---|
| १ | दुधौरा खोला | १३०००० | | | | | |
| २ | बालगंगा खोला | | | | | | |
| ३ | पसाहा खोला | | | | | | |

द्रष्टव्यः वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम चेन एक्साभेटर तथा ट्रिपर प्रयोग गर्न सकिने छ ।

शर्तहरुः

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ व २०७८।७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम, दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा ____ बैंक शाखा कार्यालय ______ मा रहेको यस कार्यालयको खाता नं ____ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरि यो सुचना प्रथमपटक प्रकाशन भएको मितिले _____ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मिति सार्वजनिक बिदा पर्न भएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ____ प्रतिशतको दरले हुन आउने धरौटि रकम यस कार्यालयको ___ मा रहेको धरौटि खाता नं ___ जम्मा गरि सोको सक्कल बैंक भौचर वा ___ बैंकबाट इजाजत प्राप्त ___ बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरि ___दिनको म्याद सहित जारि गरिएको बिड बण्ड सिलबन्दि खाम साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरि बोलपत्रदाताले प्रत्येक पानामा सहि छाप गरि सिलबन्दी गरि खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम ठेगाना

फोन नं मोबाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले ___ औं दिनको ___ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको _____ बजे देखि बिभिन्न कार्यालयका प्रतिनिधि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि बिड बैठक यो सुचना प्रकाशित मितिले ___ औं दिनको ___बजे ___ गाँउपालिका वा नगरपालिकाको कार्यालयमा हुनेछ ।ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारि हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोहि समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धि विस्तृत जानकारि बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि रित नपुगि वा शर्तसहित पेश हुन अएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ____दिनभित्र मू अ कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ___ चालिस प्रतिशतले हुने रकमको बैंक ग्यारेण्टि सहित पेश भएमा सो बराबरको रकम उत्खननकर्तालाई दिईनेछ । पहिलो किस्ता बापतको उत्खनन तथा संकलन पश्चात दोश्रो किस्ता वा कबोल अंकको तिस प्रतिशतले हुन आउने रकम भुक्तानी माग भई आएमा सो बराबरको बैंक ग्यारेण्टि कार्यालयले लिई दोश्रो किस्ता रकम उपलब्ध गराईनेछ । अन्तमा दोश्रो किस्ता बापतको उत्खनन तथा संकलन पश्चात तेश्रो किस्ता वा कबोल अंकको तिस प्रतिशतले हुन आउने रकम भुक्तानी माग भई आएमा पुन सो बराबरको बैंक ग्यारेण्टि कार्यालयले लिई तेश्रो तथा अन्तिम किस्ता रकम उपलब्ध गराईनेछ ।

८. तोकिएको समयमा उत्खनन तथा संकलन नगरेमा धरौटि रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ । यस नगरपालिकाका नदि तथा नदिहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र जीतपुरसिमरा उपमहानगरपालिकाको नदीजन्य पदार्थ ढुंगा), गिट, वालुवा, माटो( उत्खनन्, संकलन र विक्री वितरण सम्बन्धि कार्यविधि, २०७९ तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजीम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसुची १.ख
(दफा ४ को उपदफा ४ सँग सम्बन्धित)
ठेक्का सम्झौता फाराम

**जीतपुरसिमरा उपमहानगरपालिकाको नदीजन्य पदार्थ ढुङ्गा ,गिटि, वालुवा, माटो उत्खनन् र संकलन तथा ढुवानी सम्बन्धि सम्झौता पत्र**

लिखितम ____________ नाती _________छोरा ______________ जिल्ला _______गाँउपालिका वा नगरपालिका वडा नं ______ स्थायी घर भइ हाल _____ गाउँपालिका वा नगरपालिका वडा नं ___मा वसोवास गर्दै आएका वर्ष__को ___ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा __ ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ___ को ठेक्का नं __को सूचना बमोजिम ढुङ्गा गिटि र वालुवा उत्खनन तथा सङ्कलनका लागि तपाईं समेतले पेश गर्नु भएको बोलपत्र मूल्याङ्कन गर्दा आ व ___ का लागि ___रु___(मू अ कर बाहेक) मा तपाईं सँग ठेक्का सम्झौता गर्न मिति ____ मा यस कार्यालयवाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलको शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा जीतपुरसिमरा उपमहानगरपालिकाको तर्फबाट ढुङ्गा गिटि र वालुवा उत्खनन तथा सङ्कलन गर्ने ठेक्काको मञ्जुरि भई सम्झौता गर्न उपस्थित भएको छु।

तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारि मैले कबोल गरेको रकम रु ___ (अक्षरेपी _______) (मू अ क बाहेक ) मा ठेक्का सकार गरी मिति ___ देखि मिति ___ सम्म आ व __ को ठेक्का चलाउनेछु। पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनि मेरो राजीखुशी सँग रकम चलनको कवुलियत लेखि यस कार्यालयमा बुझाएको छु।

**तपसिलः**

१. यस मसम्झौता पत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र र शर्तको अधिनमा रही आ व __ का लागि मिति __ गते देखि ___ सम्मको लागि प्रचलित कानुनको अधिनमा रहि ढुङ्गा गिटि र वालुवा उत्खनन तथा सङ्कलनको काम गर्नेछु।

२. यसै उपमहानगरपालिकाको क्षेत्र भित्र रहेका वालगंगा दुधौरा र पसाहा खोलाबाट तोकिएका मालबस्तुहरुको उत्खनन तथा सङ्कलन कार्यका लागी अग्रिम एकमुष्ट वा प्रथम किस्ता वापतको रकम धरौटी स्वरुप रु ____ बराबरको बैङ्क ग्यारेण्टि पेश गरेको छु।

३. सो उत्खनन र सङ्कलन कार्यका लागी उपमहानगरपालिकाबाट निर्धारण भएको बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क दस्तुर ईत्यादि थप गरि लिने छैन। अनुगमन समिति वा स्थानिय तहबाट अनुगमन हुँदा कुनै अनाधिकृत कार्य गरेको पाईएमा नियमानुसार कारवाही र सजाय भएमा मलाई मञ्जुर छ।

४. नदिजन्य पदार्थहरु निर्धारित स्थानबाट मात्र उत्खनन गर्नुपर्नेछ।

५. उत्खनन गर्दा नजिक रहेको वन तथा खोला नालाको किनारा घाटलाई कुनै हानि नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा कुलो बाँधमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ।

६.कल्भर्ट सडक बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ २०० मिटर भित्र निर्माण सामाग्रिहरु उत्खनन गर्न पाईनेछैन।

जीतपुरसिमरा उपमहानगरपालिका

७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि मिति ____सम्म विहान ७ बजे देखि बेलुका ५ बजे सम्म मात्र उत्खनन एवं सङ्कलन समय अवधि हुनेछ।

८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालबस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

९. उत्खनन पश्चात काम नलाग्ने भनि छोडिएका निर्माण सामाग्रिहरु जुन स्थलबाट निकालिएको हो सोहि स्थलमा लगी पूर्व अवस्थामा छोड्नुपर्नेछ। नदिको धार बदलिने गरी उत्खनन गर्न पाईनेछैन।

१०. नदिजन्य पदार्थको उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्माचारि वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा सङ्कलनको प्रबन्ध मिलाउनु पर्नेछ।

११. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनं प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ।

१२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्नुपर्नेछ।

| | |
|---|---|
| उपमहानगरपालिकाको तर्फबाट | ठेकेदारको तर्फबाट |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पदः प्रमुख प्रशासकिय अधिकृत | प्रोपराईटर |
| कार्यालयको छापः | फर्मको छापः |

ईति संवत __साल __महिना __ गते रोज __ शुभम।

जीतपुरसिमराउपमहानगरपालिका

अनुसूची-१.ग
(दफा ४ को उपदफा (४) सँग सम्बन्धित )

उत्खनन् तथा संकलन पट्टाको फाराम

...................... नगरपालिकाबाट श्री ................ को नाती..................को छोरा ...............जिल्ला.............
गा.पा. वा न.पा.वडा नं................ स्थायी घर भई हाल ................ गा.पा. वा न.पा. .......... मा वसोवास गर्दै आएको वर्ष ....... को ..................... ले ........................ कानुन बमोजिम ................ नगरपालिकाको निमित्त तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस .....................नगरपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व..........को लागि रु. ................। - (मू.अ.कर बाहेक) अक्षेरुपी .......................................मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेक्का वन्दोवस्त गर्न मिति.......................मा यस नगरपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कवुलियत गरिदिनु भएको हुँदा कवुलियत बमोजिम घटी वढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ........................ । वा प्रथम किस्ता बापतको रकम रु.................बुझाई मिति ..........................देखि मिति .....................सम्म आ.व.......को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला । तपाईले गरी दिनुभएको संझौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसवाट यस गाउँपालिका वा नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस ...................... नगरपालिकाबाट ठेक्का चलनको पूर्वी गरिदिईएको छ ।

**<u>तपसिलः</u>**

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व...........को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. .......... । – बुझाई..........साल...........महिना ............ गते देखि ..........साल...........महिना ............ गते सम्मलाई प्रचलित कानूनको अधिनमा रही नगरपालिकाको आय सङ्कलन गर्ने ।

(२) उक्त आय सङ्कलन गर्नका निमित्त.............नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु । यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय सङ्कलन गर्न नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

(४) अन्य कुराहरु तपाई र यस नगरपालिकाको कार्यालय वीच भएको संझौता बमोजिम हुनेछ ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ ।

| सि.नं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा (क्यू. फि.) फि.) | ढुङ्गा ( क्यू. फि.) | ग्राभेल / गिट्टी ( क्यू. फि.) | माटो ( क्यू. फि.) |
|---|---|---|---|---|---|
| १ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

जीतपुरसिमराउपमहानगरपालिका

अनुसूची- २.क

(दफा ४.ग को उपदफा (२) सँग सम्बन्धित)

नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः. २०७९)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र यस जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन, २०७९ र जीतपुरसिमरा उपमहानगरपालिकाको नदीजन्य पदार्थ ढुंगा), गिटि, वालुवा, माटो( उत्खनन्, संकलन र विक्री वितरण सम्बन्धि कार्यविधि, २०७९ को दफा को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित स्वीकृत घाटगद्धिमा भएका प्लटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गाउँपलिका वा नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| सि. नं. | सूचना नं./ नं. बोलपत्र | बोलपत्रको नाम (घाटगद्धी स्थलको नाम र प्लट नं) | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम कबोल रकम ( सेवाशुल्क र मू. अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

४ ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लिखित परीमाणको आधारमा बिक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप __प्रतिशतका दरले मू.अ.कर रकम समेत गरी एकमुष्ट वा ___ किस्तामा __ प्रतिशतका दरले __ भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ ।

६ नेपाल सरकार वा नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

७ शुल्क उठाउने रसीदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

११. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

१२. तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको २५ % का दरले ब्याज समेत ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ ।

१३. नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

१४. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१९. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

२०. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

२१. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिका वा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जनुसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

२३. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो बापत लागेको खर्च गाउँपालिका वा नगरपालिकामा दाबी गर्न पाइने छैन ।

२४. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२५. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

२६. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु सँग सम्पर्क र समन्वय राखि ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।

२७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि __ साल जेष्ठ मसान्त सम्म बिहान ५ बजे देखि  बेलुका .......... बजे सम्म मात्र उत्खनन् एवं विक्रि समय अवधि हुनेछ ।

२८. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् तथा विक्रि कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२९. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३१. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् तथा विक्रि गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ ।

३२. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३३. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्नु पर्नेछ ।

३४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ

जीतपुरसिमराउपमहानगरपालिका

अनुसुची २.ख

(दफा ४ग को उपदफा (२) सँग सम्बन्धित)

ठेक्का सम्झौता फाराम

**जीतपुरसिमरा उपमहानगरपालिकाको घाटगद्दीमा रहेको नदीजन्य पदार्थ (ढुङ्गा, गिटि, वालुवा, माटो) विक्री वितरण सम्बन्धि सम्झौता पत्र**

लिखितम ____________ नाती _________छोरा ______________ जिल्ला _______गाँउपालिका वा नगरपालिका वडा नं ______ स्थायी घर भइ हाल _____ गाउँपालिका वा नगरपालिका वडा नं ___मा वसोवास गर्दै आएका वर्ष__को ___ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा __ ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ___ को ठेक्का नं __को सूचना बमोजिम ढुङ्गा गिटि वालुवा र माटो उत्खनन तथा सङ्कलनका लागि तपाईं समेतले पेश गर्नु भएको बोलपत्र मूल्याङ्कन गर्दा आ व ___ का लागि ___रु___(सेवा शुल्क र मू अ कर सहित ) मा तपाईं सँग ठेक्का सम्झौता गर्न मिति ____ मा यस कार्यालयवाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलको शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा जीतपुरसिमरा उपमहानगरपालिकाको तर्फबाट ढुङ्गा गिटि र वालुवा उत्खनन तथा सङ्कलन गर्ने ठेक्काको मञ्जुरि भई सम्झौता गर्न उपस्थित भएको छु।

तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारि मैले कबोल गरेको रकम रु ___ (अक्षरेपी _______) (मू अ क बाहेक ) मा ठेक्का सकार गरी मिति ___ देखि मिति ___ सम्म आ व __ को ठेक्का चलाउनेछु। पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनि मेरो राजीखुशी सँग रकम चलनको कवुलियत लेखि यस कार्यालयमा बुझाएको छु।

**तपसिलः**

१. यस मसम्झौता पत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र र शर्तको अधिनमा रही आ व __ का लागि मिति __ गते देखि ___ सम्मको लागि प्रचलित कानुनको अधिनमा रहि ढुङ्गा गिटि र वालुवा उत्खनन तथा सङ्कलनको काम गर्नेछु।

२. यसै उपमहानगरपालिकाको क्षेत्र भित्र रहेका वालगंगा दुधौरा र पसाहा खोलाबाट तोकिएका मालबस्तुहरुको उत्खनन तथा सङ्कलन कार्यका लागी अग्रिम एकमुष्ट वा प्रथम किस्ता वापतको रकम धरौटी स्वरुप रु ____ बराबरको बैङ्क ग्यारेण्टि पेश गरेको छु।

३. सो उत्खनन र सङ्कलन कार्यका लागी उपमहानगरपालिकाबाट निर्धारण भएको बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क दस्तुर ईत्यादि थप गरि लिने छैन। अनुगमन समिति वा स्थानिय तहबाट अनुगमन हुँदा कुनै अनाधिकृत कार्य गरेको पाईएमा नियमानुसार कारवाही र सजाय भएमा मलाई मञ्जुर छ।

४. नदिजन्य पदार्थहरु निर्धारित स्थानबाट मात्र उत्खनन गर्नुपर्नेछ।

५. उत्खनन गर्दा नजिक रहेको वन तथा खोला नालाको किनारा घाटलाई कुनै हानि नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा कुलो बाँधमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ।

६.कल्भर्ट सडक बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ २०० मिटर भित्र निर्माण सामाग्रिहरु उत्खनन गर्न पाईनेछैन।

७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि मिति ____सम्म विहान ७ बजे देखि बेलुका ५ बजे सम्म मात्र उत्खनन एवं सङ्कलन समय अवधि हुनेछ।

८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालबस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

९. उत्खनन पश्चात काम नलाग्ने भनि छोडिएका निर्माण सामाग्रिहरु जुन स्थलबाट निकालिएको हो सोहि स्थलमा लगी पूर्व अवस्थामा छोड्नुपर्नेछ। नदिको धार बदलिने गरी उत्खनन गर्न पाईनेछैन।

१०. नदिजन्य पदार्थको उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्माचारि वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा सङ्कलनको प्रबन्ध मिलाउनु पर्नेछ।

११. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनं प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ।

१२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्नुपर्नेछ।

| | |
|---|---|
| उपमहानगरपालिकाको तर्फबाट | ठेकेदारको तर्फबाट |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पदः प्रमुख प्रशासकिय अधिकृत | प्रोपराईटर |
| कार्यालयको छापः | फर्मको छापः |

ईति संवत __साल __महिना __ गते रोज __ शुभम।

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची-२.ग
(दफा ४ग को उपदफा (२) सँग सम्बन्धित )

विक्रि पट्टाको फाराम

....................... नगरपालिकाबाट श्री ................. को नाती...................को छोरा ...............जिल्ला.............
गा.पा. वा न.पा.वडा नं................ स्थायी घर भई हाल ................ गा.पा. वा न.पा. .......... मा वसोवास गर्दै आएको वर्ष ....... को ...................... ले ......................... कानुन बमोजिम ................ नगरपालिकाको निमित्त तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस .....................नगरपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व..........को लागि रु. ................। - (मू.अ.कर बाहेक) अक्षरेपी .......................................मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेक्का वन्दोवस्त गर्न मिति........................मा यस नगरपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कवुलियत गरिदिनु भएको हुँदा कवुलियत बमोजिम घटी वढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ......................... । वा प्रथम किस्ता बापतको रकम रु.................बुझाई मिति ..........................देखि मिति .....................सम्म आ.व.......को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला । तपाईले गरी दिनुभएको संझौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसवाट यस गाउँपालिका वा नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस ...................... नगरपालिकाबाट ठेक्का चलनको पूर्वी गरिदिईएको छ ।

<u>तपसिलः</u>

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व...........को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. .......... । – बुझाई..........साल...........महिना ............ गते देखि ..........साल...........महिना ............ गते सम्मलाई प्रचलित कानूनको अधिनमा रही नगरपालिकाको आय सङ्कलन गर्ने ।

(२) उक्त आय सङ्कलन गर्नका निमित्त.............नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु । यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय सङ्कलन गर्न नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

(४) अन्य कुराहरु तपाई र यस नगरपालिकाको कार्यालय वीच भएको संझौता बमोजिम हुनेछ ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ ।

| सि.नं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा (क्यू. फि.) फि.) | ढुङ्गा ( क्यू. फि.) | ग्राभेल / गिट्टी ( क्यू. फि.) | माटो ( क्यू. फि.) |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

अनुसुची ३

(दफा ४ को उपदफा २० सँग सम्बन्धित)

नदी प्रवेश आदेश

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परीमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदी नामः.........................

नाका वा स्थानको नामः.........................

प्रवेश आदेश मितिः.................. समयः............. प्रवेश आदेश नं. ...............

<u>नदी प्रवेश आदेश विवरण</u>

१. ढुवानी गरी लैजाने नाकाको नामः...........................

ठेगानाः............................. सम्पर्क फोन न. : .........................

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः....................... सवारी दर्ता नं.:..................

४. निकाली लैजाने पदार्थको परीमाणः .................... घन फूटः..................

५ ढुवानी गरी लैजाने स्थानः................................

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः.................................

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण

(ग) प्रशोधन पछि बिक्री

(घ) घाटगद्दी स्थानमा

(ङ) अन्य (प्रयोजन खुलाउने...

(नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार पसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः................. ठेकेदार वा प्रतिनिधिको नाम थरः.....................

सहिः.................. सहिः..................

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसुची ३.क
(दफा ४ को उपदफा २२ सँग सम्बन्धित)
पटके प्रवेश आदेश

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परीमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदी नामः.........................

नाका वा स्थानको नामः.........................

प्रवेश आदेश मितिः.................. समयः............. प्रवेश आदेश नं. ................

नदी प्रवेश आदेश विवरण

१. ढुवानी गरी लैजाने नाकाको नामः...........................

ठेगानाः............................. सम्पर्क फोन न. : .........................

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः....................... सवारी दर्ता नं.:..................

४. निकाली लैजाने पदार्थको परीमाणः .................... घन फूटः..................

५ ढुवानी गरी लैजाने स्थानः................................

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः.................................

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण

(ग) प्रशोधन पछि बिक्री

(ङ) अन्य (प्रयोजन खुलाउने...

(नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार पसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः................. ठेकेदार वा प्रतिनिधिको नाम थरः.....................

सहिः................. सहिः..................

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची-४क

(उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)

(दफा ४.ख को उपदफा (१) खण्ड (घ) सँग सम्बन्धित)

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नामः-

उत्खनन् गरिएको नाका वा स्थानको नामः-

| क्र.सं. | उत्खनन गरिएको मिति | उत्खनन् गरिएको परीमाण | उत्खननकर्ता वा प्रतिनिधीको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

जीतपुरसिमराउपमहानगरपालिका

अनुसूची- ४ ख

दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज

(दफा ४.ख को उपदफा (१) खण्ड (घ) सँग सम्बन्धित)

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र सङ्कलन कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज

नदी वा खानीको नामः-

नाकाको नामः-

मितिः-

| क.सं. | ढुवानीमिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परीमाण | बिक्रि भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

आज्ञाले

चेतकुमार पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७९।१०।२०

पृष्ठ संख्या २४ मुल्य रु. १५।-

जीतपुरसिमरा उपमहानगरपालिका